स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



"मिरुना मगर खोइ?" "कबड्डी ४"मा शीर्ष भूमिकामा रहेकी अभिनेत्री मिरुना मगर "कबड्डी ५: आफ्टर द फाइनल म्याच"को टिजरमा देखिइनन्। टिजर सार्वजनिक भएपछि युट्युबको कमेन्टमा दर्शकले सोध्न थाले,- "मिरुना मगर खोइ?" निर्माण टिमले मिरुनालाई नदेखाई टिजर सार्वजनिक गरेको थियो। त्यसअघि सार्वजनिक पोस्टरमा पनि उनी देखिएकी थिइनन्। त्यसैले "कबड्डी" सिरिजको पाँचौं भागमा मिरुनाको उपस्थितिलाई लिएर दर्शकमा कौतुहलता थियो।

**आजको विचार...**



बद्री अर्याल

गगनको ... (दुई पेजमा)

अनमोल केसी र प्रिन्सी खतिवडा अभिनीत फिल्म "बाटुलो जून"को टिजर युट्युब ट्रेन्डिङको शीर्ष स्थानमा पुगेको छ। शुक्रबार सार्वजनिक भएको टिजर तीन दिनमै युट्युब चार्ट्समा फिल्म विधाअन्तर्गत नेपालमा पहिलो नम्बरमा पुगेको हो। नेपालसहित एक दर्जनभन्दा बढी देशमा समेत टिजर ट्रेन्डिङमा रहेको निर्माण पक्षले जनाएको छ। सोमबार दिउँसोसम्म टिजरलाई युट्युबमा साढे ६ लाखभन्दा बढीपटक हेरिएको छ। भुवन केसी निर्देशित "बाटुलो जून" ले पुरानो समयको प्रेमकथा प्रस्तुत गर्छ।



❒ वर्ष ३२ ❒ अंक ८९ ❒ २०८३ असोज २८ गते बुधबार 14 October 2026, Wednesday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### रेल दुर्घटनामा कम्तीमा चारको मृत्यु

**इस्लामावाद,** असोज २७/ पाकिस्तानको दक्षिणी पञ्जाब प्रान्तको मुल्ताननजिकै मंगलबार भएको रेल दुर्घटनामा कम्तीमा ४ जनाको मृत्यु हुनुका साथै कम्तीमा १७ जना घाइते भएका छन् । आपत्कालीन सेवा र उद्धारकर्मीहरूले एएफपीलाई दिएको जानकारी अनुसार मंगलबार बिहान उक्त रेलको डिब्बा लिकबाट बाहिरिएर दुर्घटना भएको हो।

पञ्जाबको आपत्कालीन सेवा विभागका प्रवक्ता फारुक अहमदले दुर्घटनामा ४ जनाको मृत्यु भएको र कम्तीमा १७ जना घाइते भएको पुष्टि गरेका छन्। दुर्घटनाको कारण भने अझै खुल्न सकेको छैन।घटनास्थलमा खटिएका एक उद्धारकर्मीले पनि ४ जनाको मृत्यु भएको पुष्टि गर्दै घाइतेहरूको संख्या २५ पुगेको बताएका छन्। स्थानीय समयअनुसार बिहान ५:२१ बजे दुर्घटनाको खबर प्राप्त हुनासाथ घटनास्थलमा ११ वटा एम्बुलेन्स र ३० जना उद्धारकर्मी परिचालन गरिएको अहमदले जानकारी दिए।यसैबीच, पाकिस्तानका राष्ट्रपति आसिफ अली जर्दारी र प्रधानमन्त्री शाहबाज सरिफले पञ्जाबमा भएको रेल दुर्घटनाप्रति गहिरो दु:ख व्यक्त गरेका छन् । - *एएफपी*

# रामपुर नगरपालिकाबाटै पान दर्ता सेवा, सदरमुकाम धाउनुपर्ने बाध्यता हट्ने

**हाम्रा संवाददाता**

**पाल्पा, असोज २७/** जिल्लाको रामपुर नगरपालिकाले करदातालाई स्थानीयस्तरबाटै सेवा उपलब्ध गराउने उद्देश्यले व्यक्तिगत तथा व्यावसायिक स्थायी लेखा नम्बर (पान) दर्ता सेवा सञ्चालनमा ल्याएको छ । पान दर्ताका लागि जिल्ला सदरमुकामसम्म पुग्नुपर्ने बाध्यता अन्त्य गर्दै नगरपालिकाले मंगलबारदेखि आफ्नै कार्यालयबाट सेवा दिन थालेको हो ।

आन्तरिक राजस्व कार्यालय बुटवल, रुपन्देहीसँगको समन्वय तथा सहकार्यमा सुरु गरिएको सेवाको रामपुर नगरपालिकाका नगर प्रमुख रमणबहादुर थापाले शुभारम्भ गरे । उनले नगर क्षेत्रका उद्योगी, व्यवसायी तथा सर्वसाधारणको आवश्यकता र सुविधालाई ध्यानमा राखेर करसम्बन्धी सेवा स्थानीयस्तरमै विस्तार गरिएको बताए । नगर प्रमुख थापाका अनुसार सामान्य करसम्बन्धी कामका लागि समेत सदरमुकाम पुग्नुपर्ने अवस्थाले सेवाग्राहीको समय र खर्च बढ्दै आएको



थियो । अब नगरपालिकाबाटै पान दर्ता सेवा उपलब्ध हुने भएपछि नागरिकलाई थप सहज हुने उनको विश्वास छ । सेवा शुभारम्भसँगै नगरपालिकाले व्यक्तिगत तथा व्यावसायिक पान जारी गर्ने, व्यक्तिगत पानलाई व्यावसायिक र व्यावसायिक पानलाई व्यक्तिगत पानमा रूपान्तरण गर्ने, पान दर्तासम्बन्धी विवरण संशोधन गर्ने तथा दर्ता भएका करदाताको अभिलेख राख्नेलगायतका काम गर्ने भएको छ । यसैगरी मूल्य अभिवृद्धि कर (भ्याट) र अन्त:शुल्कसम्बन्धी सेवामा समेत सहजीकरण गरिने नगरपालिकाले जनाएको छ ।

स्थानीय तहबाट प्रवाह हुने करदातासम्बन्धी सेवा शुभारम्भ तथा कर शिक्षा कार्यक्रममा नगर उपप्रमुख बालकुमारी थापाले संघीयताको मूल मर्मअनुसार नागरिकलाई घरदैलो नजिकबाट सेवा उपलब्ध गराउने प्रयासस्वरूप पान दर्ता सुरु गरिएको बताए । नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सूर्यदर्शन पण्डितले सम्बन्धित कर्मचारीलाई आवश्यक तालिम प्रदान गरेपछि सेवा सञ्चालनमा ल्याइएको जानकारी दिए । कार्यक्रममा आन्तरिक राजस्व कार्यालय बुटवलका कर अधिकृत चिरञ्जीवी बस्यालले प्रशासनिक सेवालाई नागरिकको पहुँचसम्म पुऱ्याउने उद्देश्यले स्थानीय तहसँग सहकार्य गरिएको उल्लेख गरे । सोही अवसरमा कर अधिकृत परशुराम पोखरेलले करदातालाई कर शिक्षासम्बन्धी अभिमुखीकरण प्रदान गर्नुभएको थियो । उनले करदाता दर्ता, आय विवरण, पानका प्रकार, अनलाइन दर्ता प्रक्रिया, मूल्य अभिवृद्धि कर तथा अन्त:शुल्कलगायतका विषयमा सहजीकरण गरे । रामपुर उद्योग वाणिज्य संघका निवर्तमान अध्यक्ष भोजेन्द्रप्रकाश ढकालले नगरपालिकाबाटै पान दर्ताको व्यवस्था हुनु स्थानीय व्यवसायीका लागि सकारात्मक कदम भएको बताए । यसले व्यवसाय सञ्चालन तथा करसम्बन्धी प्रक्रिया पूरा गर्न सहज हुने उनको भनाइ थियो ।

**पहिलो सेवाग्राही बनिन् लीला मानन्धर**

सेवा शुभारम्भकै दिन रामपुर नगरपालिका-८ स्थित हाम्रो सेखामे फेन्सी पसलकी सञ्चालक लीलाकुमारी मानन्धरलाई पान दर्ता प्रमाणपत्र प्रदान गरिएको छ । उनी नगरपालिकाबाट सुरु भएको उक्त सेवाको पहिलो सेवाग्राही बनेकी हुन् । केही महिनादेखि पान दर्ता गर्ने सोचमा रहे पनि विभिन्न कारणले प्रक्रिया अघि बढाउन नसकेको बताउँदै मानन्धरले आफ्नै नगरपालिकाबाट पहिलो सेवाग्राहीका रूपमा प्रमाणपत्र प्राप्त गर्न पाउँदा खुसी व्यक्त गरिन् । नगर प्रमुख रमणबहादुर थापाको अध्यक्षतामा नगरपालिकाको सभाहलमा सम्पन्न कार्यक्रममा उपप्रमुख बालकुमारी थापाले स्वागत, योजना शाखा प्रमुख विक्रम बस्नेतको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## शान्तिपूर्ण समाज निर्माण गरौं

- शान्ति, सहिष्णुता र भाइचाराको भावना विकास गरौं,
- मतभेदलाई संवाद, सहकार्य र समझदारीबाट समाधान गरौं,
- जाति, धर्म, भाषा, संस्कृति तथा विचारका आधारमा हुने विभेद अन्त्य गरौं,
- बालबालिका, महिला तथा कमजोर वर्गको अधिकार र सुरक्षाको सम्मान गरौं,
- हिंसा, द्वन्द्व, घृणा र वैमनस्यको अन्त्यका लागि योगदान दिऔं,
- सामाजिक तथा सांस्कृतिक विविधताको सम्मान गर्दै सद्भाव कायम राखौं,
- परिवार, विद्यालय र समुदायमा शान्ति र अहिंसाको संस्कार विकास गरौं ।

**विश्व शान्ति र मानवताको संरक्षणमा आफ्नो भूमिका निर्वाह गरौं ।**

नेपाल सरकार

**विज्ञापन बोर्ड**

# छुट्टाछुट्टै सवारी दुर्घटनामा ६ जनाको मृत्यु

**पाल्पा, असोज २७/** देशका विभिन्न स्थानमा भएका छुट्टाछुट्टै सवारी दुर्घटनामा परी ६ जनाको मृत्यु भएको छ । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार रूपन्देही,सुनसरी, नुवाकोट, कास्की, तनहुँ र जुम्लामा भएका दुर्घटनामा छ जनाको ज्यान गएको हो ।




रूपन्देहीको बुटवल उपमहानगरपालिका-२ स्थित आँखा अस्पताल अगाडिको सडकमा विद्युतीय सवारी (ईभी) ले मोटरसाइकललाई ठक्कर दिँदा एक महिलाको ज्यान गएको छ । लु.३० प ७५५९ नम्बरको मोटरसाइकललाई लु.प्र-०१-००१ ज ००९२ नम्बरको ईभीले ठक्कर दिँदा मोटरसाइकलमा सवार बुटवल-६ पुरानो बसपार्ककी ३० वर्षीया बिनिता जैसवालको मृत्यु भएको हो । उनको लुम्बिनी प्रादेशिक अस्पतालमा उपचारका क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । सोही दुर्घटनामा घाइते भएका मोटरसाइकल चालकसहित दुई जनाको लुम्बिनी प्रादेशिक अस्पताल र अर्का एक जनाको बुटवल अस्पताल प्रालिमा उपचार भइरहेको छ । यस्तै सुनसरीको कोशी गाउँपालिका(२ स्थित काली मन्दिर नजिकैको सडकमा को.२७ प २८५५ नम्बरको मोटरसाइकलले ठक्कर दिँदा स्थानीय ४५ वर्षीया कौसिला यादवको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएकी यादवलाई उपचारका लागि विराटनगर लैजाने क्रममा बाटोमै मृत्यु भएको हो ।

*(... बाँकी अन्तिम पेजमा)*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## चाडपर्व महँगीको मार होइन, खुसीको बहार बनाऔं

**नेपाली समाजमा चाडपर्व केवल धार्मिक तथा सांस्कृतिक परम्परासँग मात्र जोडिएका छैनन्, यी पारिवारिक मिलन, आपसी सद्भाव र सामाजिक एकताका महत्वपूर्ण अवसर पनि हुन् । तर पछिल्ला वर्षहरूमा चाडपर्वको उल्लाससँगै बढ्दो महँगीले सर्वसाधारणको चिन्ता थप्दै लगेको छ । दसैं, तिहार तथा छठ जस्ता महत्वपूर्ण पर्वका बेला दैनिक उपभोग्य वस्तुको मूल्य बढ्दा आमनागरिकको भान्सा महँगिएको छ । विशेषगरी न्यून आय भएका परिवार, दैनिक ज्यालादारीमा निर्भर श्रमिक, किसान तथा सीमित आम्दानी भएका नागरिकका लागि चाडपर्व मनाउनु नै आर्थिक चुनौती बन्न थालेको छ । खुसी साटासाट गर्ने अवसरमा समेत खर्च कसरी धान्ने भन्ने चिन्ताले नागरिकलाई पिरोल्नु विडम्बनापूर्ण अवस्था हो ।**

**चाडपर्वका बेला खाद्यान्न, खानेतेल, चिनी, दाल, तरकारी, फलफूल, लत्ताकपडा तथा अन्य अत्यावश्यक सामग्रीको माग स्वाभाविक रूपमा बढ्छ । तर यही अवसरलाई कतिपय व्यापारीले अनुचित नाफा कमाउने माध्यम बनाउने प्रवृत्ति देखिन्छ । माग बढेको बहानामा मनपरी मूल्य निर्धारण गर्ने, कृत्रिम अभाव सिर्जना गर्ने, सामान लुकाउने र उपभोक्तालाई महँगोमा खरिद गर्न बाध्य पार्ने गतिविधिले बजारलाई थप असन्तुलित बनाउँछ । वस्तुको वास्तविक लागतभन्दा अस्वाभाविक रूपमा बढी मूल्य असुल्ने प्रवृत्तिले उपभोक्ताको अधिकारमाथि नै प्रहार गरिरहेको छ । चाडपर्वको समयमा बजारमा देखिने यस्तो बेथिति नियन्त्रण गर्न नसक्नु राज्यको नियमनकारी भूमिकामाथिको प्रश्न पनि हो । महँगीको सबैभन्दा ठूलो असर निम्न तथा मध्यमवर्गीय परिवारमा परेको छ । आम्दानीको स्रोत सीमित छ, तर दैनिक जीवनयापनको खर्च निरन्तर बढिरहेको छ । बालबालिकाका लागि नयाँ कपडा, घरपरिवारका लागि खाद्यान्न, पूजाआजाका सामग्री र आफन्तसँगको भेटघाटमा हुने सामान्य खर्चसमेत धान्न कठिन बन्दै गएको छ । एकातिर चाडपर्वलाई सामाजिक र सांस्कृतिक रूपमा निरन्तरता दिनुपर्ने बाध्यता छ भने अर्कोतिर आर्थिक अवस्थाले साथ नदिँदा कतिपय परिवार ऋण खोजेर पर्व मनाउनुपर्ने अवस्थामा पुग्छन् । यसले चाडपर्व सकिएपछि पनि उनीहरूलाई आर्थिक बोझबाट मुक्त हुन दिँदैन । पर्व मनाउने नाममा नागरिक ऋणको चक्रमा फस्नुपर्ने अवस्था आउनु सुखद संकेत होइन । चाडपर्व धनी वर्गका लागि मात्र होइन, समाजका सबै तह र वर्गका नागरिकका लागि समान रूपमा खुसी बाँड्ने अवसर बन्नुपर्छ । आर्थिक अभावकै कारण कसैको घरमा पर्वको उल्लास हराउने र कसैको भान्सा रित्तिने अवस्था आउन दिनु हुँदैन । नागरिकलाई सहज रूपमा जीवनयापन गर्न सक्ने वातावरण उपलब्ध गराउनु राज्यको आधारभूत दायित्व हो । त्यसैले चाडपर्वको समयमा हुने अस्वाभाविक मूल्यवृद्धि, कालोबजारी र कृत्रिम अभाव नियन्त्रण गर्न सरकार गम्भीर बन्नुपर्छ ।**

### Opinion @ Social Network

भाग्यले ढोका बन्द गरे पनि,
आशाले अर्को बाटो खोजिरहन्छ।
*(सविना गरम्जाको फेसबुक स्टाटसबाट www.facebook.com/Sabina.Garamja)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# गगनको विद्रोह अब संस्थागत सुधारमा बदलिनुपर्छ



**बद्री अर्याल**

नेपाली कांग्रेसको पन्ध्रौं महाधिवेशनबाट गगन थापा सभापति बनेको घटनालाई केवल नेतृत्व परिवर्तनका रूपमा बुझ्नु पर्याप्त हुँदैन। यो पुस्तान्तरण, आन्तरिक लोकतन्त्र, संगठनात्मक पुनर्गठन र जनाधारित राजनीतिसम्बन्धी लामो बहसको परिणाम हो। तर नेतृत्व परिवर्तन आफैँमा परिवर्तनको प्रमाण होइन। यसको अर्थ तब मात्र स्थापित हुन्छ, जब नयाँ नेतृत्वले पार्टीको निर्णय प्रक्रिया, सदस्यसँगको सम्बन्ध र जनताप्रतिको उत्तरदायित्वमा देखिने सुधार ल्याउँछ।गगन थापासामु मूल प्रश्न छ- के उनले आफ्नो राजनीतिक यात्रामा उठाउँदै आएको विद्रोहलाई संस्थागत सुधारमा बदल्न सक्छन् ? नेपाली कांग्रेसले सभापतिको अनुहार मात्र बदल्ने हो कि नेतृत्व निर्माण गर्ने पुरानो संस्कार पनि ? यसको उत्तर भाषणबाट होइन, परिणामबाट आउनेछ। सदस्यता प्रणाली कति पारदर्शी बन्यो, असहमतिको अधिकार कति सुरक्षित भयो, संगठनका तहहरू कति सक्रिय भए र जनविश्वास कति बढ्यो भन्ने आधारमा नयाँ नेतृत्वको मूल्याङ्कन हुने छ।

**विद्रोह अब संस्थागत सुधारमा बदलिनुपर्छ**

गगन थापाको राजनीतिक पहिचान प्रश्न गर्ने साहसमा आधारित छ। विद्यार्थी राजनीतिदेखि नै उहाँले पुरानो कार्यशैली, नेतृत्वको जडता र असहमति दबाउने संस्कारलाई चुनौती दिँदै आउनुभयो। उहाँको विद्रोह व्यक्तिविरुद्धभन्दा बढी व्यक्तिवाद, अपारदर्शिता, पुस्तान्तरणको अवरोध र गुटगत नियन्त्रणविरुद्ध थियो।लोकतान्त्रिक पार्टीमा असहमति कमजोरी होइन, सुधारको आधार हो। तर विद्रोहको मूल्य सत्ता परिवर्तनमा मात्र होइन, पुरानो प्रवृत्ति विस्थापित गर्न सकियो कि सकिएन भन्नेमा हुन्छ। नयाँ नेतृत्वले पुरानै निर्णय शैली, गुटगत संरचना र वरिपरि र आफन्तमा अवसर वितरणलाई निरन्तरता दियो भने परिवर्तन अनुहारमा सीमित हुनेछ।त्यसैले पहिलो परीक्षा विगतमा उठाइएका प्रश्नलाई नियम र संस्थामा रूपान्तरण गर्नु हो। असहमतिको अधिकार स्पष्ट गर्ने, आलोचकलाई प्रतिशोधबाट जोगाउने र नेतृत्वलाई नियमित रूपमा उत्तरदायी बनाउने व्यवस्था आवश्यक छ।नेपाली कांग्रेसले लामो समयदेखि नयाँ पुस्ताको असन्तुष्टि र संगठनभित्रको दूरीलाई पर्याप्त गम्भीरतापूर्वक लिन सकेन। युवालाई आन्दोलन र प्रचारमा प्रयोग गरियो, तर नीति निर्माण र निर्णय प्रक्रियामा समान साझेदार बनाइएन। गगन थापाको नेतृत्वले यही दूरी घटाउने अवसर पाएको छ।तर ठूलो अपेक्षा जोखिम पनि हो। परिवर्तनको भाषा प्रयोग गरेर पुरानै संरचना जोगाइयो भने निराशा अझ तीव्र हुनेछ। त्यसैले नेतृत्वले स्पष्ट समयसीमासहितको सार्वजनिक कार्ययोजना ल्याउनुपर्छ ।पहिलो वर्षमा सदस्यता र आन्तरिक लोकतन्त्रमा के सुधार गर्ने, त्यसपछि संगठनका कुन संरचना बदल्ने र महाधिवेशनसम्म कुन परिणाम देखाउने ? अस्पष्ट प्रतिबद्धता अब पर्याप्त छैन।

**जनाधारित पार्टी र सदस्यको अधिकार**

नेपाली कांग्रेस आफूलाई जनाधारित पार्टीका रूपमा प्रस्तुत गर्छ। यस्तो पार्टीको शक्ति सीमित पदाधिकारी वा प्रभावशाली प्रतिनिधिमा होइन, आम सदस्यको सक्रिय सहभागितामा आधारित हुनुपर्छ। त्यसैले सभापति चयनमा सदस्यको प्रत्यक्ष भूमिका बढाउने विषयमा पुनर्विचार आवश्यक छ। क्रियाशील सदस्यबाट प्रत्यक्ष मतदान एउटा विकल्प हुन सक्छ, तर त्यो आफैँमा समाधान होइन। सदस्यता वितरण निष्पक्ष नभए, मतदाता सूची विश्वसनीय नभए र निर्वाचन खर्च तथा प्रभाव नियन्त्रण नभए प्रत्यक्ष मतदान पनि गुटबन्दीको नयाँ मैदान बन्न सक्छ। पहिलो प्राथमिकता क्रियाशील सदस्यताको डिजिटल र अद्यावधिक अभिलेख, दोहोरो सदस्यता नियन्त्रण र विवाद समाधानका लागि स्वतन्त्र संयन्त्र हुनुपर्छ। त्यसपछि प्रत्यक्ष, प्रतिनिधिमूलक वा मिश्रित निर्वाचन प्रणालीमध्ये उपयुक्त विकल्पबारे पार्टीव्यापी छलफल गर्न सकिन्छ।लोकतन्त्रको अर्थ मतदानको अधिकार घोषणा गर्नु मात्र होइनह मतदाता निर्धारण, निर्वाचन खर्च, अनुगमन र परिणामप्रतिको विश्वाससमेत निष्पक्ष हुनु हो। ठूलो संगठनमा प्रतिनिधि प्रणालीका व्यावहारिक लाभ छन्। तर प्रतिनिधि सदस्यको आवाज बन्नुपर्ने हो, नेतृत्व र सदस्यबीचको स्थायी शक्ति-मध्यस्थ होइन।मतदानको बदलामा व्यक्तिगत लाभ, पद वा अवसरको अपेक्षा गर्ने प्रवृत्तिले प्रतिनिधिमूलक लोकतन्त्रलाई कमजोर बनाउँछ। त्यसैले प्रतिनिधिको भूमिका, अधिकार र उत्तरदायित्व स्पष्ट हुनुपर्छ। उनीहरूले सदस्यसँग नियमित संवाद गर्ने, निर्णयबारे जानकारी दिने र आफ्नो क्षेत्रप्रति जवाफदेही हुने व्यवस्था आवश्यक छ। प्रतिनिधि राख्ने वा हटाउनेभन्दा महत्त्वपूर्ण प्रश्न- पार्टीको शक्ति सदस्यबाट आउँछ कि सीमित मध्यस्थबाट भन्ने हो।

**गुटबन्दी घटाउने संरचनात्मक सुधार**

नेपाली कांग्रेसको गुटबन्दी नेताहरूको व्यक्तिगत स्वभावको परिणाम मात्र होइनह संगठनात्मक संरचनाले पनि त्यसलाई प्रोत्साहन गर्छ। सीमित प्रतिनिधिको समर्थन निर्णायक हुँदा विचार र नीतिभन्दा पहुँच, संख्या र व्यक्तिगत सम्बन्ध महत्त्वपूर्ण बन्न सक्छ। प्रत्यक्ष सदस्य मतदानले गुटबन्दी स्वतः समाप्त गर्दैन। त्यसैले निर्वाचन प्रणालीसँगै निर्वाचन खर्चको सीमा, आर्थिक स्रोतको पारदर्शिता, निष्पक्ष मतदाता सूची, स्वतन्त्र अनुगमन र आचारसंहिता उल्लंघनमा प्रभावकारी कारबाही आवश्यक छ। नेतृत्व चयनमा व्यक्तिको पहुँच वा गुटगत संरक्षणभन्दा नीति, कार्यसम्पादन र सार्वजनिक विश्वसनीयता निर्णायक बन्नुपर्छ। समावेशिता केही अनुहारलाई पदमा राखेर पूरा हुँदैन। महिला, दलित, आदिवासी जनजाति, मधेसी, थारू, मुस्लिम, पिछडिएका क्षेत्र र युवा पुस्ताका सदस्यले नीति निर्माण, उम्मेदवार छनोट र नेतृत्व विकासमा वास्तविक प्रभाव पाउनुपर्छ। यसको मापन प्रतिनिधित्व, निर्णय प्रक्रियामा प्रभाव र नेतृत्व विकासका अवसरबाट गर्न सकिन्छ।युवालाई प्रचार र आन्दोलनका लागि मात्र होइन, नीति निर्माण र संगठन सञ्चालनका साझेदारका रूपमा स्वीकार गर्नुपर्छ। समावेशितालाई घोषणापत्रको विषयबाट संगठनात्मक कार्यसम्पादनको सूचक बनाउन प्रत्येक तहको प्रतिनिधित्व, जिम्मेवारी र नेतृत्व विकाससम्बन्धी विवरण सार्वजनिक गर्न सकिन्छ।

**मध्यवर्ती संरचना : पुल कि शक्ति केन्द्र ?**

नेपाली कांग्रेसको सांगठनात्मक संरचनामा मध्यवर्ती तहको भूमिकाबारे गम्भीर पुनर्विचार गर्नुपर्ने देखिन्छ। सैद्धान्तिक रूपमा यस्तो संरचनाले नेतृत्व र कार्यकर्ताबीच समन्वय गर्ने, संस्थागत सम्बन्ध विस्तार गर्ने तथा विचार, नीति र कार्यक्रमलाई तल्लो तहसम्म पुर्‍याउने पुलको काम गर्नुपर्छ। तर व्यवहारमा यही संरचना आफैँ 'क्याडर' मा आधारित शक्ति-केन्द्रजस्तो देखिन थालेको छ। यसले संगठन विस्तार र कार्यकर्ता परिचालनभन्दा पद प्राप्ति, गुटगत प्रतिस्पर्धा र व्यक्तिगत राजनीतिक स्वार्थलाई प्राथमिकता दिएको अनुभूति हुन्छ। अझ विडम्बनापूर्ण पक्ष के छ भने, संस्थागत संरचनालाई सुदृढ बनाउने माध्यम हुनुपर्ने यो तहले आम कार्यकर्ताको स्वतन्त्र अभिव्यक्ति र लोकतान्त्रिक अधिकारसमेत संकुचित गराएको देखिन्छ। यसले नेतृत्व र कार्यकर्ताबीच प्रत्यक्ष सम्बन्ध स्थापित हुन नदिई मध्यवर्ती शक्तिको प्रभावलाई अनावश्यक रूपमा बढाएको देखिन्छ।त्यसैले कांग्रेसले यस संरचनाको औचित्य, प्रभावकारिता र लोकतान्त्रिक योगदानको वस्तुनिष्ठ समीक्षा गर्नुपर्छ। यदि यसलाई हटाएर नेतृत्व चयनमा क्रियाशील सदस्य तथा कार्यकर्ताको प्रत्यक्ष, स्वतन्त्र र पारदर्शी सहभागिता सुनिश्चित गर्न सकिन्छ भने पार्टी अझ लोकतान्त्रिक, उत्तरदायी र जनमुखी बन्न सक्छ। संरचना जोगाउनु नै संगठन जोगाउनु होइन कार्यकर्ताको अधिकार, नेतृत्वको जवाफदेहिता र पार्टीको लोकतान्त्रिक चरित्र जोगाउनु नै वास्तविक संगठन सुदृढीकरण हो।

**सुशासन पार्टीभित्रैबाट सुरु हुनुपर्छ**

देशमा सुशासनको माग गर्ने पार्टी आफैँ अपारदर्शी र अनुत्तरदायी रह्यो भने उसको नैतिक आधार कमजोर हुन्छ। त्यसैले आर्थिक व्यवस्थापन, सदस्यता वितरण, उम्मेदवार छनोट, पदाधिकारी नियुक्ति र निर्णय प्रक्रियामा स्पष्ट मापदण्ड आवश्यक छ। पार्टीले वार्षिक रूपमा आम्दानी(खर्चको लेखापरीक्षण, सदस्यताको अवस्था, संगठनात्मक बैठक, निर्णय कार्यान्वयन, अनुशासनसम्बन्धी कारबाही र उम्मेदवार छनोटका आधार सार्वजनिक गर्नुपर्छ। सुशासनलाई व्यक्तिको सदाशयतामा निर्भर राख्नुहुँदैन। जुनसुकै नेतृत्वलाई नियम, पारदर्शिता र उत्तरदायित्वबाट बाँध्ने प्रणाली नै वास्तविक सुधार हो। नयाँ नेतृत्वले पहिलो चरणमा यी सुधारलाई प्राथमिकता दिनुपर्छ :

-क्रियाशील सदस्यताको पूर्ण पुनरावलोकन र डिजिटल अभिलेख।
-आन्तरिक निर्वाचनको स्पष्ट र पारदर्शी प्रणाली।
-असहमतिको अधिकार र आलोचकको संरक्षण।
-उम्मेदवार छनोटका सार्वजनिक मापदण्ड।
-केन्द्रदेखि स्थानीय तहसम्म अधिकारको विकेन्द्रीकरण।
-सभापति र पदाधिकारीको वार्षिक कार्यसम्पादन मूल्याङ्कन।

यस क्रममा तीन जोखिम विशेष रूपमा ध्यान दिनुपर्छ। पहिलो( नयाँ नेतृत्व पुरानो संरचनामा समाहित हुनु। दोस्रो-विद्रोही छवि संस्थागत सुधारको सट्टा व्यक्तिगत लोकप्रियतामा सीमित हुनु। तेस्रो-सुधारका नाममा निर्णय प्रक्रिया झन् केन्द्रीकृत हुनु। यी जोखिमबाट बच्न सामूहिक निर्णय, नियमित संवाद, पारदर्शिता र सार्वजनिक मूल्याङ्कनलाई कार्यशैलीको आधार बनाउनुपर्छ।

**अनुहार होइन, प्रवृत्ति र पद्धति बदलिनुपर्छ**

गगन थापाको सभापतित्व नेपाली कांग्रेसका लागि ऐतिहासिक अवसर हो। तर अवसरलाई उपलब्धिमा बदल्न संस्थागत साहस, स्पष्ट कार्ययोजना र मापनयोग्य परिणाम आवश्यक छन्। उहाँको नेतृत्वलाई तीन प्रश्नले परीक्षण गर्नेछ- के क्रियाशील सदस्यता र आन्तरिक निर्वाचन निष्पक्ष तथा सदस्यकेन्द्रित बन्नेछन् ? के असहमति, समावेशिता र विकेन्द्रीकरण पार्टीको व्यवहारमा स्थापित हुनेछन् ? के आर्थिक, संगठनात्मक र निर्णय प्रक्रिया पारदर्शी तथा उत्तरदायी बन्नेछ ?यी प्रश्नको उत्तर सदस्यता अभिलेख, निर्वाचनको निष्पक्षता, निर्णय कार्यान्वयन, स्थानीय संगठनको सक्रियता र जनविश्वासको वृद्धिबाट दिनुपर्छ। नेपाली कांग्रेसलाई बलियो बनाउन नेतृत्वको अनुहार बदल्नु पर्याप्त छैन। नेतृत्व निर्माण गर्ने पद्धति बदलिनुपर्छ। प्रतिनिधि सदस्यप्रति उत्तरदायी हुनुपर्छ, असहमति लोकतान्त्रिक सुधारको आधार बन्नुपर्छ, समावेशिता निर्णय शक्तिमा देखिनुपर्छ र सुशासन पार्टीको दैनिक व्यवहारमा प्रमाणित हुनुपर्छ।नयाँ कार्यसमितिको वास्तविक परीक्षा यही हो । उनले आफ्नो विद्रोही अतीतलाई संस्थागत भविष्यमा बदल्न सक्छन् कि सक्दैनन् ? यदि उनले सदस्यको अधिकार विस्तार गरे, गुटबन्दीलाई संरचनात्मक रूपमा कमजोर बनाए र समयसीमाभित्र देखिने सुधार प्रस्तुत गरे भने उनको नेतृत्व नेपाली कांग्रेसको पुनर्जागरणको आधार बन्न सक्छ। अन्यथा, नेतृत्व परिवर्तन पुरानो संरचनाको नयाँ आवरणमा सीमित हुनेछ। अब निर्णायक प्रश्न 'को कति लोकप्रिय छन्' भन्ने होइनह कसले नेपाली कांग्रेसलाई कति लोकतान्त्रिक, पारदर्शी, जनाधारित र उत्तरदायी बनाउन सक्नुहुन्छ भन्ने हो। ***(अर्याल जय नेपाल फाउण्डेसनका अध्यक्ष हुन् ।)- अनलाईन खबर***



**महत्वपूर्ण टेलिफोन**

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयूकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४



## दैनिक राशिफल

**मेष** : नजिकको व्यक्तिबाट उत्साह बढाउने कुरा सुन्न पाइनेछ। शरीरमा ताजगी रहनेछ।
**वृष** : सामान खरिद गर्दा फाइदा हुनेछ। आरामका लागि पर्याप्त निद्रा आवश्यक छ।
**मिथुन** : आएको निम्तो स्वीकार्दा रमाइलो हुनेछ। भविष्यको काम बन्ने संकेत छ।
**कर्कट** : व्यक्तिगत निर्णयमा अन्योल हट्नेछ। सम्बन्धमा मनका कुरा बुझिनेछन्।
**सिंह** : आर्थिक लाभका लागि सही व्यक्तिसँग भेट हुनेछ। प्रेमसम्बन्धमा आत्मीयता बढ्नेछ।
**कन्या** : कागजी झन्झटबाट राहत मिल्नेछ। व्यापारमा हिसाब स्पष्ट राख्दा फाइदा हुनेछ।
**तुला** : खर्चभन्दा आवश्यकतालाई प्राथमिकता दिनु ठीक हुनेछ। मन हलुका हुनेछ।
**वृश्चिक** : परिवारको विश्वासले भावनात्मक बल दिनेछ। पानी पर्याप्त पिउनुहोस्।
**धनु** : प्रेमसम्बन्धमा पुरानो दूरी घट्नेछ। बाटो काट्दा हतार नगर्नुहोस्।
**मकर** : आफ्नो मेहनतको अर्थ बुझिनेछ। बचतको राम्रो अवसर भेटिनेछ।
**कुम्भ** : नयाँ प्रविधि सिक्ने इच्छा बढ्नेछ। व्यक्तिगत सम्बन्धमा खुलापन बढ्नेछ।
**मीन** : प्रिय व्यक्तिको ध्यानले खुसी बढ्नेछ। रुचिको क्षेत्रमा नयाँ प्रेरणा पाइनेछ।

## कला मनोरञ्जन

# समीर भट्ट भर्सेस अनमोल केसी : को बढी तगडा ?



अभिनेता अनमोल केसी र समीर भट्टबीच धेरै कुरा मिल्छन् । भलै, उनीहरू मिल्छन् वा मिल्दैनन्, त्यो उनीहरूकै कुरा हो । दुवै समकालीन सिनेमामा समानान्तर रेखाबाट दौड सुरु गरेका धावक हुन् ।

-दुवै हिरो पुत्र हुन् । यिनीहरूका पिता आफ्ना जमानाका चल्तापुर्जा अभिनेता हुन् ।

-दुवै जनाको रिमोट यिनीहरूका पिताको हातमा छ । यिनीहरू पिताका आज्ञाकारी पुत्र हुन् ।

-दुवैले नेपाली सिनेमामा शानदार इन्ट्री गरे । म्युजिक भिडियो, सर्ट मुभी, सिरियल खेल्दै करियर बनाउनु परेन ।

-दुवैले पहिलो फिल्मबाट सफलताको स्वाद चाखे । यिनीहरूका डेब्यु फिल्म सुपरहिट रहे ।

-यी दुवै लक्का जवान हिरोका अघोषित म्यानेजर उनीहरूकै पिता हुन् ।

हल बाँधेर यसरी जोडा मिलाउँदै जाने हो भने अनमोल र समीरमा धेरैभन्दा धेरै समानता भेटिन्छन् । यस्तो लाग्छ, मानौँ यिनीहरू सिनेमा उद्योगका जुम्ल्याहा हुन् । यिनीहरूले आफ्ना पिताबाट अभिनयको आनुवंशिक गुण लिएर जन्मिए । अनि पिताकै कडा प्रशिक्षणमा हुर्किए । पिताकै इशारामा फिल्म साइन गरे । अनि पिताकै रेखदेखमा छायाङ्कनस्थलमा उत्रिए। दृश्यमा यिनीहरू थिए। तर, यिनीहरूलाई चलाउने अदृश्य हात पिताहरूको थियो । यिनीहरू हुर्कँदै गर्दा सायद सोधिएन, 'तिमी के बन्छौ ?' बरु यिनीहरूका पिताले अघि सरेर भनिदिए, 'मेरो छोरो हिरो बन्छ ।'यसरी अनमोल र समीरले आफ्ना पिताको अधुरो रहर बोकेर सिनेमा जगतमा पाइला राखे । उनीहरूलाई यहाँ अवसरले मात्र पर्खिरहेको थिएन, उत्तिकै चुनौतीले पनि । किनभने आफ्ना पिताको विरासत बोकेर सिनेमामा आएका यिनीहरूलाई दर्शकले अनमोल वा समीर भनेर चिनेनन् । 'फलानोको छोरो' भनी औँल्याए । त्यही कारण दुवैको करियरको प्रवेशविन्दु त्यहाँबाट सुरु हुन्थ्यो, जहाँ यिनीहरूका पिता उभिएका थिए । यो रेखामा दौडँदा यिनीहरूले अपेक्षाको गह्रौँभन्दा गह्रौँ भारी बोक्नुपर्थ्यो । यद्यपि, दुवैको सरस्वती दाहिना भइदिइन् । सुरुवाती फिल्मबाट दर्शकको अपार माया बटुले । ठ्याक्कै १३ वर्षअघि, वर्षातको मौसम थियो। सिनेमा घरको भित्तामा 'होस्टल' फिल्मको ब्यानर टाँसिएको थियो । त्यसैमा टाँसिएका थिए, कलकलाउँदा नायक अनमोल केसी । किशोर पुस्ताको प्रेम, करियर र आपसी नोकझोँकमा बुनिएको कथा लिएर आएको यो फिल्मको मुख्य गुरुत्वबल थिए उनै अनमोल । 'भुवन केसीको छोरोले खेलेको' भन्दै उनकै छिमलका किशोर-किशोरी टिकटको लाइनमा अधैर्यसाथ उभिन पुगे । अंकल पुस्ताका 'हिरो' झेलिरहेका यिनीहरूले आफ्नै उमेर समूहको हिरोलाई हार्दिकतापूर्वक स्वागत गरे । शोभित बस्नेत मार्काका फिल्मले भड्किएका युवा दर्शकलाई अनमोलले नै हलमा एकत्रित गरे । जब-जब उनको फिल्म प्रदर्शनमा आए, प्लस टु पुस्ताले हल हराभरा हुन थाले । यसरी अनमोलको फिल्मी करियर दक्षिण भारतीय फिल्ममा हिरोको इन्ट्री भएजस्तै जोडदार र शानदार भइदियो ।

**किन चलेनन् 'मेगास्टार' अनमोल केसी ?**

**समीर**

अनमोलले फिल्ममा एक दशक लामो यात्रा गरिसकेपछि बल्ल समीर भट्टको पदार्पण भयो । उनको पदार्पण यसरी भयो कि अलिअलि धर्ती हल्लियो। परेवाहरू भुर्र उडे । भुइँका धुलो र पातहरू हावामा भुमरी बने । अनि उनी गर्जिए, 'इलाका तेरो, सिंहासन तेरो तर राज मेरो ।' ८० को दशकमा बन्ने एक्सन ड्रामा हिन्दी सिनेमाको ट्रेडमार्क लागेको डाइलगलाई नवीकरण गर्दै उनको उदय भयो । डाइलग त पुरानै थियो, तर उनी नयाँ थिए । दर्शकले नयाँ हिरोलाई जोडदार स्वागत गरे ।अग्लो कद, सुगठित ज्यान। द्वन्द्व र नृत्यकलामा पोख्त । कलाको एउटा राम्रो प्याकेज बनेर उनी देखा परे । त्यसअघिसम्म सिनेमा उद्योगमा उनको कुनै चालचुल थिएन । उनका पिता पनि करियर उत्कर्षमा रहँदै गाढा निलो, रातो पहिरन लगाएर भोजपुरी फिल्मतिर हान्निएका थिए । विराजलाई त दर्शकले चिन्थे । तर, उनको परिवारबारे बेखबर थिए । त्यसैले जब '१२ गाउँ'मा 'इलाका तेरो, धमाका मेरो। शैलीमा उनले छोरोलाई उतारे, मानौँ कुनै जादुगरले छडी घुमाएर चमत्कार गरेजस्तै भयो । फिल्मले भन्दा बढी हाइप समीरले पाए । किनभने दर्शकहरू फिल्मभन्दा बढी फिल्मका हिरो हेर्न ओइरिए । यसरी पहिलो फिल्मबाटै समीर आकर्षणको स्पटलाइटमा उभिए । अभिनेता अनमोल केसी र समीर भट्ट लगभग २६ दिनको अन्तरालमा सिनेमाघर प्रवेश गर्दैछन् । यी दुईमध्ये कसको फिल्म बढी चल्छ ? यो रोचक प्रश्न हो ।

किन रोचक भने, यी दुवै अहिलेका 'हटकेक' हुन् । बाहिरबाट झट्ट हेर्दा यिनीहरू एकअर्काका कडा प्रतिस्पर्धी जस्ता पनि देखिन्छन् । यतिबेला भुवन केसी र विराज भट्टलाई के दबाब परेको हुन सक्छ भने, आ-आफ्ना छोरालाई 'कोभन्दा को कम' शैलीमा उतार्नुपर्ने । यो उनीहरूको इगोको मात्र प्रश्न भइदिएन, अभिभावकत्वको जिम्मेवारी पनि भइदियो ।तर समीर र अनमोल आफैँमा फरक जनराका हिरो हुन् । समीर एक्सन नायकका रूपमा आफूलाई उभ्याउने तयारीमा छन् भने अनमोलले लभर ब्वाईको छवि बनाइसकेका छन् । अर्थात्, दुवै फरक कित्तामा उभिएका छन् । उनीहरूको धरातल फरक छ । आकाश फरक छ। र, गन्तव्य पनि । त्यसैले दर्शकले समीर र अनमोललाई प्रतिस्पर्धीका रूपमा होइन, दुई फरक प्याकेजका रूपमा हेर्नेछन् । उनीहरूबाट फरक भूमिका र स्वाद खोज्नेछन् । जहाँ समीरको फिल्म ब्लकबस्टर हुन्छ, त्यहाँ अनमोलका दर्शक पनि ओइरिन सक्छन् । किनभने दर्शकको स्वाद पनि आफैँमा विभाजित छ । कसैलाई प्रेमकथा मन पर्छ, कसैलाई द्वन्द्वकला । तर उनीहरू अब रहस्यका पोका रहेनन्, जसको झलक हेर्न मात्र दर्शकहरू हलमा आइदिन्छन् । फिल्मको कथा, प्रस्तुति, अभिनयजस्ता तत्वहरू महत्वपूर्ण हुनेछन् । उनीहरू कस्ता छन्, कस्तो फिल्म खेले भनेर मात्र दर्शक आउनेवाला छैनन् । दर्शकसँग अब एउटै प्रश्न बाँकी रहनेछ, 'फलानो फिल्म कस्तो छ ?'

**- अनलाईन खबर**

# अजय देवगनको करिअरकै ठूलो हिट बन्यो 'दृश्यम ३'



बलिउड फिल्म 'दृश्यम ३' अभिनेता अजय देवगनको करिअरकै सर्वाधिक कमाइ गर्ने फिल्म बनेको छ।

रिलिजको १० दिनमै भारतमा ३ सय करोड भारूभन्दा बढी कमाउँदै यो फिल्म अजयको करिअरकै सर्वाधिक कमाइ गर्ने फिल्म बनेको हो। भारतीय संचारमाध्यमहरूका अनुसार फिल्मले प्रदर्शनको दसौं दिनसम्म भारतमा ३०९.५० करोड भारू नेट कमाइ गरेको छ। यससँगै फिल्मले अजयका यसअघिका सफल फिल्म 'दृश्यम २' र 'तान्हाजी: द अनसङ वारियर'को कमाइलाई समेत उछिनेको छ।

सन् २०२० मा प्रदर्शन भएको 'तान्हाजी: द अनसङ वारियर'ले भारतमा २७९.५९ करोड भारू नेट कमाइ गरेको थियो। यो नै यसअघि अजयको करिअरमा सर्वाधिक कमाइ गर्ने फिल्म थियो। तर 'दृश्यम ३'ले नौ दिनमै उक्त कीर्तिमान तोडेको हो। त्यस्तै, सन् २०२२ मा प्रदर्शन भएको 'दृश्यम २'ले भारतमा २३९.६७ करोड भारू नेट कमाइ गरेको थियो। तेस्रो भागले आठ दिनमै दोस्रो भागको कुल कमाइलाई पार गरेको हो।'दृश्यम ३'ले प्रदर्शनको पहिलो दिनदेखि नै आक्रामक व्यापार गरेको थियो। फिल्मले पहिलो दिन भारतमा ६६.७५ करोड भारू नेट कमाइ गरेको थियो। यो अजयको करिअरकै सबभन्दा ठूलो सुरूवाती कमाइ थियो।

हिन्दी फिल्मको इतिहासमा समेत यो तेस्रो ठूलो सुरूआती कमाइ भएको हिन्दुस्तान टाइम्सले जनाएको छ।फिल्मले दोस्रो दिन ५३.५० करोड, तेस्रो दिन ६१ करोड भारू कमाएको थियो। त्यसपछि साताको बीचमा व्यापार केही घटे पनि दोस्रो सप्ताहन्तमा पुन: बढेको हो। फिल्मले पहिलो सातामा नेट २४५.५० करोड भारू कमाएको थियो। दोस्रो शनिबार २६.५० करोड भारू कमाएको फिल्मले आइतबार थप २३ करोड भारू कमाउँदै कुल कमाइ ३०९.५० करोड पुऱ्याएको हो। यो भारतभित्रको नेट कमाइ हो। अभिषेक पाठक निर्देशित 'दृश्यम ३'मा अजय देवगन मुख्य भूमिकामा देखिएका छन्। फिल्ममा तब्बु, श्रिया सरन, रजत कपुर, जयदीप अहलावत, प्रकाश राज, इशिता दत्ता, मृणाल जाधव, कमलेश सावन्तलगायतको अभिनय छ।सन् २०१५ मा सुरू भएको हिन्दी 'दृश्यम' शृंखलाको यो तेस्रो तथा अन्तिम भाग हो। 'दृश्यम ३' नेपालका सिनेमा हलमा समेत प्रदर्शनरत छ ।

*- सेतोपाटी*

# विवाहित महिलाको प्रतिभा र आत्मविश्वास देखाउने मञ्च बन्दै मिसेस नेपाल वर्ल्ड



मिसेस नेपाल वर्ल्ड २०२६ अन्तर्गत 'द ग्ल्याम नाइट' कार्यक्रम सम्पन्न भएको छ । धापासीस्थित द रामालयमा आयोजित कार्यक्रममा प्रतियोगीहरूले डिजाइनर श्री आभी बुटिकका आकर्षक पहिरनमा र्‍याम्प वाक गरेका थिए । कार्यक्रममा विभिन्न क्षेत्रका व्यक्तिहरूको सहभागिता रहेको थियो । मिसेस नेपाल वर्ल्ड २०२६ की प्रतियोगी नम्बर ४ ऋचा शर्माले विवाहित महिलाहरूको आत्मविश्वास बढाउन र प्रतिभा प्रदर्शन गर्न प्रतियोगिता राम्रो मञ्च बनेको बताइन् । ललितपुरको धोबीघाटमा बस्दै आएकी शर्माले मिसेस नेपाल वर्ल्डमा सहभागी हुनु आफ्नो सपना रहेको उल्लेख गरिन् । महिलाहरूलाई अगाडि बढ्ने चाहना हुँदाहुँदै पनि विविध कारणले नसक्ने भन्दै उनले प्रयास नगरेसम्म आफ्नो क्षमता र सीमाबारे थाहा नहुने बताइन् । महिलाहरूले आफ्ना इच्छा र बाल्यकालदेखि अधुरा रहेका चाहना पूरा गर्न यस्ता अवसरको उपयोग गर्नुपर्ने उनको भनाइ छ ।'यो महिलाहरूका लागि अगाडि बढ्ने राम्रो मञ्च हो। यो जीवनको दोस्रो अवसरजस्तै हो। अविवाहित महिलाले मात्र नभई विवाहित महिलाले पनि यस्ता प्रतियोगितामा भाग लिन सक्छन्,' शर्माले भनिन् । उनका अनुसार प्रतियोगितामा सहभागी हुँदा र्‍याम्प वाकमा मात्र सीमित नभई ग्रुमिङलगायत विभिन्न कक्षामार्फत धेरै कुरा सिक्ने अवसर मिल्छ । यसले महिलाहरूको आत्मविश्वास बढाउन र आफ्नो प्रतिभा प्रस्तुत गर्न सहयोग पुग्ने उनले बताइन् ।कार्यक्रममा सहभागी छाला रोग विशेषज्ञ डा. सुचना मराठाले पनि मिसेस नेपाल वर्ल्ड विवाहित महिलाहरूका लागि प्रतिभा प्रदर्शन गर्ने राम्रो मञ्च भएको बताइन् । प्रतियोगितामार्फत महिलाहरूले आफ्ना क्षमता र प्रतिभा प्रस्तुत गर्न सक्ने उनको भनाइ छ । आयोजकसँग जोडिएपछि मात्र आफूले कार्यक्रमबारे विस्तृत रूपमा थाहा पाएको बताउँदै डा. मराठाले प्रतियोगीहरूको छालाको स्वास्थ्य र हेरचाहका विषयमा पनि आफूले सहयोग गरिरहेको जानकारी दिइन् । ग्ल्याम नाइटमा प्रस्तुत पहिरन र कार्यक्रमको व्यवस्थापनको प्रशंसा गर्दै उनले आयोजक तथा द रामालयप्रति आभार व्यक्त गरिन् । रिबन इन्टरटेनमेन्ट प्रालिका अध्यक्ष निसुकान्त झाले प्रतियोगीहरूको उत्साहपूर्ण सहभागिता र मञ्चमा देखिएको आत्मविश्वास प्रशंसनीय रहेको बताए। घरपरिवार र दैनिक जिम्मेवारीमा सीमित रहेका महिलाहरूले मञ्चमा आएर आफ्नो क्षमता प्रस्तुत गर्नु खुसीको विषय भएको उनले उल्लेख गरे ।झाका अनुसार मिसेस नेपाल वर्ल्डको यो पाँचौँ संस्करण हो भने मिसेस नेपाल इन्टरनेसनलको दसौँ संस्करण हो । यस वर्षदेखि 'मिसेस नेपाल कस्मो' पनि थपिएको छ, जसको पहिलो संस्करण आयोजना हुँदै छ । प्रतियोगितामा सहभागी हुन २१ देखि ५० वर्षसम्मको उमेर हुनुपर्ने व्यवस्था रहेको झाले जानकारी दिए । विवाहित, सम्बन्धविच्छेद भएका वा एकल महिलाका लागि 'एमएस नेपाल' विधा पनि रहेको उनले बताए ।ग्ल्याम नाइटपछि प्रतियोगिता ग्रान्ड फिनालेतर्फ अघि बढ्ने आयोजकले जनाएको छ । ग्रान्ड फिनाले आगामी कात्तिक १४ गते नेपाल पुलिस क्लबमा आयोजना हुने अध्यक्ष झाले जानकारी दिए। प्रतियोगितालाई सफल बनाउन प्रतियोगी, दर्शक तथा शुभेच्छुकहरूको साथ र सहयोग आवश्यक रहेको उनको भनाइ छ । *-डिसी नेपाल*

# चार महिनापछि गुल्मीमा हवाई सेवा सञ्चालन



**गुल्मी,असोज २७/** रेसुङ्गा विमानस्थलको हवाई सेवा मंगलबारबाट पुनः सञ्चालनमा आएको छ । प्रतिकूल मौसमका कारण करिब चार महिनादेखि उक्त विमानस्थल प्रभावित भएको थियो । गुल्मीको रेसुङ्गा विमानस्थलका स्टेशन प्रमुख सुमन थापाले गत जेठको तेस्रो सातादेखि जिल्लामा हवाई उडान अवरुद्ध भएको जानकारी दिए ।

खराब मौसम, बाक्लो कुहिरो र हावाको चापका कारण उडान सञ्चालनमा समस्या आउन सक्ने भएकाले हवाई सेवा बाध्य भइ रोक्नुपरेको उनले बताए ।हवाई सेवा सञ्चालनमा आएसँगै मंगलबार काठमाडौँबाट १३ यात्रु बोकेर विमान गुल्मीमा अवतरण भएको थियो भने गुल्मीबाट दुई जना यात्रु बोकेर काठमाडौँ फर्किएको छ ।

नेपाल वायुसेवा निगमले मौसम अनुकूल भएसँगै सातामा तीन दिन उडान गर्नेगरी नयाँ तालिका निर्धारण गरेको छ । लामो समयदेखि हवाई सेवा प्रभावित हुँदा वृद्धवृद्धा, बिरामी तथा अत्यावश्यक कामले राजधानी काठमाडौँसम्म जानुपर्ने यात्रु बढी समस्यामा परेका थिए । रेसुङ्गा विमानस्थलमा नेपाल वायुसेवा निगमले १८ सिट क्षमताको ट्वीनअटर विमानमार्फत काठमाडौँ-गुल्मी र गुल्मी-काठमाडौँ उडान गर्दै आएको छ ।

निगमले मंगलबारदेखि उडान तालिका समयमा समेत परिवर्तन गरेको छ । जसअनुसार आइतबार र मंगलबार काठमाडौँबाट रेसुङ्गाका लागि बिहान ७:१५ बजे र रेसुङ्गाबाट काडमाडौँका लागि बिहान ८:१५ बजे र शुक्रबार काठमाडौँबाट रेसुङ्गाका लागि बिहान ६:२० र रेसुङ्गाबाट काडमाडौँका लागि बिहान ७:२० बजेको तालिका रहेको छ । निगमले काठमाडौँबाट गुल्मीका लागि रु १० हजार ७१० र गुल्मीबाट काठमाडौँका लागि रु १० हजार ५१० हवाईभाडा निर्धारण गरेको छ । गुल्मीमा हवाई सेवा सुरु भएपछि आन्तरिक तथा बाह्य पर्यटकको आवागमनमा समेत सहजता आएको छ । सडकमार्गबाट राजधानी पुग्न १२ देखि १६ घण्टासम्म लाग्ने यस क्षेत्रका नागरिकलाई हवाई सेवाले ४५ देखि ५० मिनेटमै काठमाडौँ आवतजावत गर्न सहज भएको छ । नेपाल वायुसेवा निगमले २०८० वैशाख २९ गतेदेखि गुल्मीमा व्यावसायिक रूपमा हवाई सेवा सुरु गरेको थियो । पछिल्लो समय इन्धनको मूल्यवृद्धि, सडक पूर्वाधारको स्तरोन्नति र आरामदायी सार्वजनिक यातायातका साधन सहज रूपमा उपलब्ध हुन थालेपछि रेसुङ्गा विमानस्थलबाट हवाई यात्रा गर्ने यात्रुको संख्यामा कमी आएको बताइएको छ ।

## छुट्टाछुट्टै सवारी दुर्घटनामा...

...यस्तै, नुवाकोटको शिवपुरी गाउँपालिका-६ सल्लाघारीमा काठमाडौंबाट शेराबगरतर्फ जाँदै गरेको बा.७५ प २६४ नम्बरको मोटरसाइकल अनियन्त्रित भई दुर्घटना हुँदा मोटरसाइकलमा सवार शिवपुरी-५ का ५५ वर्षीय लभबहादुर जिसीको मृत्यु भएको छ । गम्भीर घाइते भएका उनको शिवपुरी आधारभूत अस्पतालमा उपचारका क्रममा ज्यान गएको हो ।

यस्तै कास्कीको पोखरा महानगरपालिका-२७ तालचोकमा पनि मोटरसाइकलको ठक्करबाट एक पैदलयात्रीको मृत्यु भएको छ । पावरहाउसबाट तालचोकतर्फ आउँदै गरेको ग.२० प ५९६९ नम्बरको मोटरसाइकलले ठक्कर दिँदा पोखरा-१ सिमपानीकी ३७ वर्षीया सरिता तामाङको मृत्यु भएको हो । दुर्घटनामा घाइते भएकी उनको लेखनाथ सिटी अस्पताल हुँदै पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानअन्तर्गत पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा उपचारका क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ ।

त्यसैगरी, तनहुँको आँबुखैरेनी गाउँपालिका-६ डुम्रीडाँडामा सोमबार साँझ बोलेरो जीप दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ भने तीन जना घाइते भएका छन् । बरादीबाट हिलेखर्कतर्फ जाँदै गरेको ग.२ च ३२६९ नम्बरको जीप दुर्घटनामा परी आँबुखैरेनी-६ खापस्वाराकी ४७ वर्षीया इन्द्रमाया गुरुङको मृत्यु भएको हो । गम्भीर घाइते भएकी उनको आँबुखैरेनी अस्पतालमा उपचारका क्रममा मृत्यु भएको हो । दुर्घटनामा घाइते अन्य तीन जनाको सोही अस्पतालमा उपचार भइरहेको छ । यसैबीच, जुम्लाको कनकासुन्दरी गाउँपालिका-६ गोठीज्युला बजारमा मिनी ट्रकको ठक्करबाट एक वृद्धाको मृत्यु भएको छ । क.प्र-०२-००१ ख २९४ नम्बरको मिनी टूकले ठक्कर दिँदा सिंजा गाउँपालिका-४ की ७२ वर्षीया धुनचुन्नी आचार्य गम्भीर घाइते भएकी थिइन् । उनको कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचारका क्रममा मृत्यु भएको हो । प्रहरीले सुनसरी, नुवाकोट र कास्कीका मोटरसाइकल चालक तथा तनहुँका जीप चालक र रूपन्देहीका ईभी चालकलाई नियन्त्रणमा लिएको छ । जुम्लामा दुर्घटनापछि फरार रहेका मिनी टूक चालकको खोजी भइरहेको छ । सबै दुर्घटनाका सम्बन्धमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

**खेलकुद समाचार**

## ओमानमाथि नेपालको शानदार जित



**काठमाडौं,** असोज २७/बलरहरूले शानदार प्रदर्शन गरेपछि नेपालले आईसीसी क्रिकेट विश्वकप लिग २ अन्तर्गत ओमानमा भइरहेको शृङ्खलामा लगातार दोस्रो जित हासिल गरेको छ । मंगलबार अल अमेरत क्रिकेट ग्राउन्ड मिनिस्ट्री टर्फ १ मा भएको खेलमा नेपालले ओमानमाथि ११३ रनको जित हासिल गरेको हो ।

नेपालले दिएको २६४ रनको लक्ष्य पछ्याएको ओमान ४० ओभरमा १५० रनमा अलआउट भयो । ओमानका लागि कप्तान विनायक शुक्लाले सर्वाधिक ७७ रन बनाए । यद्यपी नेपालले त्यसअघि नै जितको आधार तय गरिसकेको थियो । ओमान १२औं ओभरमा ४१-६ को अवस्थामा पुगिसकेको थियो । त्यहाँबाट विनायकले जय ओडेरासँग मिलेर ८३ रनको साझेदारी गरेका थिए । ओडेरा २५ रन बनाएर आउट भए । नेपालका लागि नन्दन यादवले ६ ओभरमा १२ रन दिएर ३ विकेट लिए । कप्तान सन्दीप लामिछानेले ९ ओभरमा २८ रन दिएर ३ विकेट लिए । दीपेन्द्रसिंह ऐरीले २ तथा करण केसी र ललित राजवंशीले १-१ विकेट लिए ।त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको नेपालले ५० ओभरमा ८ विकेट गुमाएर २६३ रन बनाएको थियो ।रोहित पौडेलले सर्वाधिक ६१ रन बनाए । ६७ बल खेलेका उनले ३ चौका र १ छक्का प्रहार गरे ।


**वर्गिकृत डिस्प्ले**

*१X५ साइजमा मात्र*

**वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।**

सम्पर्कः ०७५-५२०६०१


**अर्थ/कर्पोरेट समाचार**

## सेयर बजारमा सामान्य सुधार



**पाल्पा,** असोज २७/मंगलबार नेप्से परिसूचक सामान्य अंकले बढेर बन्द भएको छ । यसदिन नेप्से परिसूचक ४.१२ अंकले बढेर २५९९.९३ विन्दुमा अडिएको हो । अघिल्लो दिन सोमबार नेप्से परिसूचक ४ अंकले बढेर २५९५.८१ विन्दुमा अडिएको थियो ।

नेप्से परिसूचक सामान्य अंकले वृद्धि भएपनि कारोबार रकम भने सोमबार तुलनामा बढेको छ । सोमबार ४ अर्ब ४६ करोड मूल्य बराबरको सेयर कारोबार भएकोमा यसदिन ४ अर्ब ७३ करोडको कारोबार भयो। यसदिन ३५१ वटा स्क्रिप्सको १ करोड ३५ लाख ५३ हजार ९७ कित्ता सेयर ४ अर्ब ७३ करोड ६९ लाख २६ हजार ४०९ रुपैयाँमा खरिदबिक्री भए। कारोबारमा आएकामध्ये १०४ वटाच स्टक्सको मूल्य बढ्दा १६७ वटाको घट्यो । बाँकी ७ वटा स्टक्सको मूल्य भने स्थिर रह्यो । नेप्सेमा सुधार देखिए पनि कुनै पनि कम्पनीको सेयर सकारात्मक सर्किट लेभलमा कारोबार हुन सकेन। सगरमाथा जलविद्युत कम्पनीको सेयर सर्वाधिक १२.४४ प्रतिशतले बढ्यो। यसदिन स्नो रिभर्सको सेयर १५ प्रतिशतले घट्यो। धौलागिरी लघुवित्त वित्तीय संस्थाको सेयर १२.८७ प्रतिशतले घट्दा एनआईसी एसिया सेलेक्ट फण्ड ३० को सेयर ५.२३ प्रतिशतले घट्यो।घलेम्यादी हाइड्रो ३६ करोड मूल्य बराबरको सेयर कारोबार गरी शीर्षस्थानमा रह्यो। माउन्टेन इनर्जी नेपाल र कुमारी बैंकले २५/२५ करोडको सेयर कारोबार गर्दा रिलायन्स स्पिनिङ्स मिल्सले १२ करोड र लक्ष्मी सनराइज बैंकले १० करोडको कारोबार गरे।पाँच समूहको उपसूचक बढ्दा अरु बाँकी समूहको उपसूचक नकारात्मक देखिए।बैंकिङ,डेभलपमेन्ट,इन्भेस्टमेन्ट,लाइफ इन्स्योरेन्स र नन लाइफ इन्स्योरेन्सबाहेक अरु बाँकी समूहको उपसूचक नकारात्मक देखिए ।


**दुई नामथर फरक परेता पनि व्यक्ति एउटै भएको सूचना**



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविक अर्गली गा.वि.स.-७, हाल तानसेन नगरपालिका-१४ निवासी भारतिय भू.पू.सैनिक नं. 5748757 F का HAV देव बहादुर राना (Deo Bahadur Rana) (ना.प्र.मा देब बहादुर राना (Dev Bahadur Rana)) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा भवानी राना (Bhawni Rana) र जन्म मिति सन् १९६६ अक्टुवर १५ (वि.स.२०२३/०६/२९) र नेपाली नागरिकता प्रमाणपत्रमा भगवती राना (Bhagwati Rana) , जन्म मिति वि.स. २०२१/०७/०२ (सन् १९६४ अक्टुवर १८) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।



**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई